नेपाल सरकार
# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

फोन नं. ०१-४२११७०३, ०१-४२११११५६, ०१-४२११४६९, ०१-४२११४६५, ०१-४२११२०१
फ्याक्स नं.: ०१-४२११४७३

पत्र संख्या: ७६/७७
च.नं. ३८६

सिंहदरबार, काठमाडौं ।
मिति: २०७६।१२।२५ गते

श्री केन्द्रिय आयोजना कार्यान्वयन इकाइ (स्थानिय पुर्बाधार तथा अनुदान ब्यबस्थापन)
श्री केन्द्रिय आयोजना कार्यान्वयन इकाइ (भबन)
श्री केन्द्रिय आयोजना कार्यान्वयन इकाइ (शिक्षा)
सबै जिल्ला कार्यान्वयन इकाइ (स्थानिय पुर्बाधार तथा अनुदान ब्यबस्थापन)
सबै जिल्ला कार्यान्वयन इकाइ (भबन)
सबै जिल्ला कार्यान्वयन इकाइ (शिक्षा)

बिषय: सहायता कोषमा रकम जम्मा गर्ने सम्बन्धमा ।

प्रस्तुत बिषयमा मिति २०७६।१२।२१ मा श्रीमान मुख्य सचिबज्यूबाट भएको निर्णय बमोजिम कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचारको सहयोगार्थ राष्टिय बाणिज्य बैंकमा रहेको कोरोना भाइरस सक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषको खाता न.१९६००००००११०१ मा निजामती कर्मचारीहरुको शुरु तलब स्केलको संलग्न निर्णय बमोजिमको तलब रकम कट्टा गरी जम्मा गर्न हुन निर्णयको छाँया प्रति यसैसाथ संलग्न गरिएको छ । थप ब्यहोरा संलग्न निर्णय बमोजिम अबगत गर्नुभई कार्यान्वयन गर्न गराउन हुन आदेशानुसार अनुरोध छ।

दिपक लामिछाने
उप–सचिब (लेखा)

**निर्णय:**

१. कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचारको सहयोगार्थ राष्ट्रिय बाणिज्य बैंकमा रहेको कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषको खाता नं. १९६०००००११०१ मा निजामती कर्मचारीहरुले देहाय अनुसारको रकम सहायता कोषमा जम्मा गर्ने ।

(क) रा.प. विशिष्ट र प्रथम श्रेणीका कर्मचारीहरुका लागि शुरु तलब स्केलको ७ दिनको तलब बराबरको रकम

(ख) रा.प. द्वितीय र तृतीय श्रेणीका कर्मचारीहरुका लागि शुरु तलब स्केलको ५ दिनको तलब बराबरको रकम

(ग) रा.प. अनंकित र श्रेणीबिहीन कर्मचारीहरुका लागि शुरु तलब स्केलको ३ दिनको तलब बराबरको रकम

२. नेपाल सरकारको मिति २०७६/१२/०९ को निर्णयानुसार संक्रामक रोग ऐन, २०२० को दफा २ अनुसार जारी भएको आदेशलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२०७६/१२/११

मुख्य सचिव